# लेखापरीक्षण प्रतिवेदन

# भिमाद नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# भिमाद नगरपालिका, तनहुँ

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/204

श्रीमान् प्रमुखज्यू,
भिमाद नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
तनहुँ ।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको बेहोरा जानकारीका लागि अनुरोध छ।

( श्याम प्रसाद भण्डारी )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/204

श्रीमान प्रमुखज्यू ,

भिमाद नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

तनहुँ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको लेखापरीक्षणबाट रु.८८ लाख ३५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.४१ लाख २९ हजार फस्र्योट भई नियमित गर्नुपर्ने रु.४७ लाख ५ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.४ करोड ७६ लाख ७४ हजार मध्ये रु.१ करोड ९२ लाख ५२ हजार फस्र्योट भई यस वर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु.३ करोड ३१ लाख २८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४४ | ४ | ८८,३५,२०१ | ० | १ | ४१,२९,५०० | ० | ४४ | ३ | ४७,०५,७०१ | ० | ४७,०५,७०१ | ० | ० | ० | ४७,०५,७०१ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तनहुँ | ४,७६,७४,९५१ | ० | १,९२,५२,६३४ | २८४२२३१७ | ० | ४७,०५,७०१ | ३३१२८०१८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | | | प्रतिकृयाबाट सम्परीक्षण भएको | |
| १ | २०८१/८२ | | जिन्सी दाखिला | ४१,२९,५०० |
| | | | गत विगतको सम्परीक्षण भएको | |
| २ | २०८०/८१ | | स्वास्थ्य संस्था तथा कार्यालयलाई ल्यापटप, ट्यावलेट खरिद | ४,२८,९२० |
| ३ | २०८०/८१ | | सभाको अनुमोदन | २८,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | २०८०/८१ | | विद्यालयको कोष सञ्चालन | ६०,६७,२०८ |
| ५ | २०८०/८१ | | वस्तुगत सहायता | १५,७४,०२८ |
| ६ | २०८०/८१ | | लघु उद्यम विकास कार्यक्रम | ३,९१,५०० |
| ७ | २०८०/८१ | | रित पुर्वकको कर विजक तथा ननफाईलर | ९,३४,६३४ |
| ८ | २०८०/८१ | | भेरिएसन बेगर भुक्तानी | ५,९१,५१७ |
| ९ | २०८०/८१ | | भिम देउराली मोटरबाटो स्तरोन्नती | ६,७३,०८८ |
| १० | २०८०/८१ | | फरक क्रियाकलापमा खर्च | ५०,००० |
| ११ | २०८०/८१ | | प्रशासकीय संगठन तथा जनशक्ति व्यवस्थापन | ७६,९५४ |
| १२ | २०८०/८१ | | नमुना विद्यालय भवन निर्माण | ७,४६,३०२ |
| १३ | २०८०/८१ | | दिवा खाजा कार्यक्रम | १,१२,६६५ |
| १४ | २०८०/८१ | | तलब भत्ता भुक्तानी | २०,००० |
| १५ | २०८०/८१ | | जिन्सी व्यवस्थापन | ९९,५०० |
| १६ | २०८०/८१ | | घटी मोटाईमा कार्य | ९८,२५० |
| १७ | २०८०/८१ | | उपभोक्ता समितिबाट जटिल प्रकृतिको कार्य | ४,६१,९२१ |
| १८ | २०८०/८१ | | १५ शैय्या अस्पताल भवन निर्माण | ३७,१६,९६० |
| १९ | २०७९/८० | | सुरक्षित नागरिक आवास कार्यक्रम | ४५,००० |
| २० | २०७९/८० | | लागत अनुमान र वास्तविक काम | ३,६४,१८७ |
| जम्मा | | | | १,९२,५२,६३४ |
| कुल जम्मा | | | | २,३३,८२,१३४ |

# भिमाद नगरपालिका, तनहुँ

# ( ८०४३८४०२३०० )

# भिमाद नगरपालिका , तनहुँ

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल १२९ वर्ग किलोमिटर तथा २९ हजार २४८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वितीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१।८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।२६ देखि २०८२।८।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय – व्ययको गरी जम्मा रु.१,५३,७४,०८,१८१।३३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची -२ मा संलग्न

छ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.२,९५,६९७।- असुल भई दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | जनज्योति माविका शिक्षक खुमकान्त अर्यालको तलब बढी निकासा | ५८६१८ |
| २ | सस्टेनेवल रिसर्च डे. प्रालि को पूर्व निर्धारित क्षतिपूर्ति वापतको रकम | १३२७४ |
| ३ | गैरआवासीय छात्रवृत्ति बढी निकासा | ५६०० |
| ४ | जनज्योति माध्यमिक विद्यालयको विद्यालय सुधार योजना निकासा | २०००० |
| ५ | विद्यालय इन्टरनेट व्यवस्थापन खर्च बढी निकासा | ४२४०४ |
| ६ | नर्म्सभन्दा बढी दरमा प्रतिवेदन भत्ता भुक्तानी | ५१०० |
| ७ | मृत्यु भएका लाभग्राहीलाई सामाजिक सुरक्षा बढी निकासा | १५०७०१ |
| | जम्मा | २९५६९७ |

## २ एकीकृत आय व्यय

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| आयतर्फ | | व्ययतर्फ | |
|---|---|---|---|
| **विवरण** | **रकम** | **विवरण** | **रकम** |
| **सुरू मौज्दात** | **४७७०८४१०.३६** | **चालु खर्च** | **३७८२२८३९६.१५** |
| १ संचित कोष | ३०८०००५३.६२ | १ पालिका तर्फ | १३०४७२९३५.५५ |
| २ धरौटी | ७३५५६२७.६० | २ संघीय सशर्त | २४७७५५४६०.६० |
| ३ कार्यालय संचालन प्रकोप व्यवस्थापन कोष | ७३७२७८५.१३ | **पूंजीगत खर्च** | **१५३०२२१४४.००** |
| ४ अन्य कोष | | १ पालिका तर्फ | १३४०९९६४५.०० |
| क स्थानीय तह विविध कोष खाता | २००००००.०० | २ संघीय सशर्त | ११४६५७५५.०० |
| ख विविध खर्च कोष | १७९९४४.०१ | ३ संघीय समपुरक | ४३८००००.०० |
| **यस वर्षको क आय** | **४१९१९८२५.७४** | ४ प्रदेश विशेष | ३०७६७४४.०० |
| क आन्तरिक आय | ३१२८८९००.९६ | **अन्तर सरकारी अख्तियारी (संघ)** | **१७७४१६९६२.००** |
| ख बाँडफाँडबाट प्राप्त विज्ञापन कर | ३६३००.०० | क सामाजिक सुरक्षा तथा संरक्षण | १६८६०९११२.०० |
| ग घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४५९९५३२.७८ | ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १७१२८३३.०० |
| घ दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | ५९९५०९२.०० | ग. विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) | ४६२०००.०० |
| **२ वित्तीय हस्तान्तरण (संघ)** | **४९५१०३९८८.५३** | घ. एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ६६३३०१७.०० |
| क समानिकरण अनुदान | १००६६०७२०.०० | **अन्तर सरकारी अख्तियारी (प्रदेश)** | **४९३९०८४.००** |
| ख राजस्व बाँडफाड | ९४६९२१८८.१३ | क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४९३९०८४.०० |
| ग सशर्त अनुदान चालु | २८३९०५३२५.४० | **धरौटी फिर्ता** | **२००७१५७.४३** |
| घ समपुरक अनुदान | ४३८००००.०० | **कार्यालय सञ्चालन कोष** | **१३०९५९६७.८३** |
| ङ सशर्त अनुदान पुँजिगत | ११४६५७५५.०० | १ विपद कोष बाट भएको खर्च | १०४९९८६३.०० |
| **३ वित्तीय हस्तान्तरण (प्रदेश)** | **३९९६००५८.७८** | २ विविध खर्च कोष बाट भएको खर्च | २५९६१०४.८३ |
| क समानिकरण अनुदान | १४५०२०००.०० | **अनुदान फिर्ता** | **३६६५९१२०.८०** |
| ख राजस्व बाँडफाड | १७९५३०५८.७८ | १ संघ तर्फ | ३६१४९८६४.८० |
| ग समपुरक अनुदान | ३९१९०००.०० | २ प्रदेश तर्फ | ५०९२५६.०० |
| घ विशेष अनुदान | ३५८६०००.०० | **अन्तिम मौज्दात** | **५४३७८९२७.२७** |
| **४ अन्तर सरकारी अख्तियारी (संघ)** | **१७७४१६९६२.००** | १ संचित कोष मौज्दात | ३९८७४२६५.७२ |
| क सामाजिक सुरक्षा तथा संरक्षण | १६८६०९११२.०० | २ धरौटी मौज्दात | १०२३३१७१.१९ |
| ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १७१२८३३.०० | ३ विपद कोष मौजदात | १३७२९२२.१३ |
| ग. विद्यालय शिक्षा क्षेत्र योजना (केन्द्र स्तर) | ४६२०००.०० | ४ स्थानीय तह विविध कोष खाता | २००००००.०० |
| घ. एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ६६३३०१७.०० | ५ विविध खर्च खाता मौज्दात | ८९८५६८.२३ |
| **५ अन्तर सरकारी अख्तियारी (प्रदेश)** | **४९३९०८४.००** | | |
| क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४९३९०८४.०० | | |
| **६ धरौटी आय** | **४८८४७०१.०२** | | |
| **७ कार्यालय संचालन कोष आय** | **७८१४७२९.०५** | | |
| क विपद कोष आय | ४५०००००.०० | | |
| ख विविध खर्च कोष आय | ३३१४७२९.०५ | | |
| **जम्मा** | **८१९७४७७५९.४८** | **जम्मा** | **८१९७४७७५९.४८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ३ वित्तीय विवरण

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१६,८६,०९,११२।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१७,१२,८३३।-, विद्यालय शिक्षा क्षेत्र योजनाको रु.४,६२.०००।– र एकीकृत स्वास्थ्य पूर्वाधार कार्यक्रमको रु.६६,३३,०१७।- समेत गरी रु.१७,७४,१६,९६२।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.३ **सञ्चित कोषको मौज्दातः** पालिकाको आर्थिक वर्ष २०७९।८० मा कुल रु.४,६७,८०,१५८।- मौजदात रहेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.३,०८,००,०५३.६२ रहेको तथा आर्थिक वर्ष २०८१।८२ मा रु.३,९८,७४,२६५.७२ मौज्दात रहेको देखियो। विगत तीन वर्ष पहिले अथवा आर्थिक वर्ष २०७९।८० मा रहेको मौज्दात यस आर्थिक वर्ष सम्ममा रु.६९ लाख ६ हजारभन्दा बढीले घटेको देखियो। पालिकाले बजेट विनियोजन गर्दा मौज्दात रकमबाट खर्च गर्ने गरी योजना थप गर्ने गरेकोले सो मौज्दात घटेको देखिन्छ।

| सि.नं. | आर्थिक वर्ष | कुल मौज्दात (संचितकोष मात्र) |
|---|---|---|
| १ | २०७९।८० | ४६७८०१५८.७३ |
| २ | २०८०।८१ | ३०८०००५३.६२ |
| ३ | २०८१।८२ | ३९८७४२६५.७२ |

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेता पनि सो सम्बन्धमा देखिएका बेहोराहरू निम्न बमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको।

**खरिद व्यवस्थापन तर्फ**

- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको पूर्ण कार्यान्वयन नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको।

**विविधतर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१० मा रु.६२ करोड ८१ लाख ६२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१७ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।२३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी

बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ७९.३४ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

## ६ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १५३०२३ | ११७६९ | १४०९७ | ३३२२२ | ९३९३५ | ६२५७९ |
| प्रतिशत | १००.०० | ७.६९ | ९.२१ | २१.७१ | ६१.३९ | ४०.९० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५ करोड ३० लाख २३ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१ करोड १७ लाख ६९ हजार (७.६९ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ४० लाख ९७ हजार (९.२१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ३२ लाख २२ हजार (२१.७१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.९ करोड ३९ लाख ३५ हजार (६१.३९ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.६ करोड २५ लाख ७९ हजार (४०.९० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३३६६१००० | २४२३०७९९ | ४.५६ |
| २ | सामाजिक विकास | ३३६७३२३७० | २९२९२८५१४ | ५५.१४ |
| ३ | पूर्वाधार विकास | १४४९४८८५३ | ११२६४४३५६ | २१.२० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १२०७६००० | १०३१४९८६ | १.९४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १००७४४६३० | ९११३१८८६ | १७.१५ |
| | कुल जम्मा | ६२८१६२८५३ | ५३१२५०५४० | १००.०० |

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.१४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी १.९४ प्रतिशत रहेको छ।

## ८ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,१४,४८,८५३।- (दहत्तर बहत्तर बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.३,१२,८८,९००।९६ अर्थात अनुमान भन्दा ४५.८८ प्रतिशत बढी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

## ९ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको

देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ८१४०००० | ६९७४८६५.७६ | ८५.८९ |
| घरजग्गा वहाल कर | २०१०००० | १३७८७२२.०९ | ६८.५९ |
| व्यवसाय कर | ७००००० | ९१६५८२ | १३०.९४ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

१० **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.९,१६,५८२।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

११ **खरिद गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१५,३०,२२,१४४।- पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले उक्त ऐन, नियम बमोजिम गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २४६ | ० | १२ | २३४ |
| २ | वडास्तरीय | ६९ | १५ | २० | ३४ |
| | जम्मा | ३१५ | १५ | ३२ | २६८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

## १३ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## १४ ठेक्का व्यवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी निर्माण व्यवसायी छनौट गरी वार्षिक कार्यक्रम अनुसारका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ०.२५ देखि ३४.१३ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ। यसबाट लागत अनुमान यर्थाथपरक नभएको कारण कतिपय ठेक्कामा लागत अनुमानको हाराहारीमा सम्झौता हुने र कतिपयमा अत्यन्त न्युन रकममा सम्झौता हुने गरेको छ। लागत अनुमान यर्थाथपरक हुनुपर्दछ।

| ठेक्का नं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| 1/NCB/Works/BM/081/82 | किहूमार्ग कालोपत्रे योजना | इकोजोन आर्किटेक्स एण्ड कन्स्ट्रक्सन | १०००००० | ७०४९७४३ | २९.५० |
| **2/ NCB/Works/BM/081/ 82** | सिद्धगुफा मोटरमार्ग निर्माण योजना | B.R **कन्स्ट्रक्सन प्रा.लि** | १२०००००० | ७९०४८७० | ३४.१३ |
| **3/ NCB/Works/BM/081/ 82** | जिदीखोला तटबन्धन योजना | सेतिदेवी कन्स्ट्रक्सन | ४०००००० | ३२४७२५० | १८.८२ |
| **5/ NCB/Works/BM/081/ 82** | किहु मार्गा कालोपत्रे योजना (दोस्रो) | सम्बृद्ध लुम्बिनी निर्माण सेवा | २७७४००० | १९९९८८३ | २७.९१ |
| **6/ NCB/Works/BM/081/ 82** | रघुखोला कल्भर्ट | समृद्ध लुम्बिनि निर्माण सेवा | १९००००० | १७९९९५९ | ५.२७ |
| **10/ BM / NCB/Works/081/ 82** | सिंहाले मैदिखोला खानेपानी निर्माण योजना | सापकोटा निर्माण सेवा | ४०००००० | ३२८६९२२ | १७.८३ |
| **11/ BM / NCB/Works/081/ 82** | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं.3 | सापकोटा निर्माण सेवा | ३७००००० | ३१६४९०७ | १४.४६ |
| **12/ BM / NCB/Works/081/ 82** | आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण वडा नं.1 | वि.ए.सि.टी.कन्स्ट्रक्सन | ३८८६००० | ३२४७७२५ | १६.४२ |
| **14/ BM / NCB/Works/081/ 82** | क्याङ्दी देउराली मोटरमार्ग स्तरोन्नती | वि.ए.सि.टी.कन्स्ट्रक्सन | ५१४१५३४ | ३८८८८३२ | २४.३६ |
| **16/ BM / NCB/Works/081/ 82** | सिसौघारीमा बालउद्यान खुल्ला व्यायामशाला निर्माण | जि.कै थापा कन्स्ट्रक्सन | ३३५०००० | २६७४०१३ | २०.१८ |
| **9/ BM / NCB/Works/081/ 82** | साइलेज उद्योग स्थापनाका लागि संरचना निर्माण | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २५००००० | २२१८७७१ | ११.२५ |
| 1/Goods/Agri/NCB/works/081/82 | साइलेज मेशिन खरिद | श्रेष्ठ एग्री इनपुट प्रा.लि. | ४१३९७५० | ४१२९५०० | ०.२५ |
| 2/SQ/works/BM/081/82 | दैकेडाँडा वासपानी पँधेरोसम्म कालोपत्रे सडक तथा जलौदी सिम्बोट भित्री बाटो ढकाल | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १८००००० | १३६४६७८ | २४.१८ |
| 13/ BM **/NCB/Works/081/82** | बूढुवाखोला ३ नं.वडा कार्यालय नजिक पुल निर्माण योजना | आस्था निर्माण सेवा, सुनसरी | ४०००००० | ३६४३४५३ | ८.९१ |
| 1/works/SQ/BM/081/82 | आधारभूत स्वास्थ्य चौकी भवन वडा नं.5 को तला थप | तुलसीलक्ष्मी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १५००००० | १०१२३८२ | ३२.५१ |
| 5/NCB/Works/ BM **/077/78** | 15 शैय्याको आधारभूत अस्पताल निर्माण योजना | राजेन्द्र/ विवश/ ज्यावडन्वा जे.भि. | १७१८३७७७२ | ११८६६७२२० | ३०.९४ |
| | IEE **निर्माण (बाँदरकुना घाट, झकासघाट, दब्ल्याङ्गघाट, गेरुवाघाट भिमाद-5)** | बन्दिपुर कन्सल्टेन्ट प्रा.लि. व्यास तनहुँ | ५००००० | ४९७७६५ | ०.४५ |
| | IEE **निर्माण (कसेनीघाट भिमाद-8)** | बन्दिपुर कन्सल्टेन्ट प्रा.लि. व्यास | १००००० | ९८८७५ | १.१३ |
| BM/RFP/QCBS/01/081/82 | दोस्रो पञ्चवर्षीय आवधिक योजना | प्लेटफर्म इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रा.लि. | १०००००० | ९९२१४० | ०.७९ |

## १५ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रु.२५ लाख ९६ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ। त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी विविध खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

## १६ पदाधिकारी सुविधा

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा ४९ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.१,२०,६५,०००।- र पदाधिकारी बैठक भत्तामा रु.२४,२३,०००।– र भ्रमण तथा अनुगमनमा रु.५,००,०००।- समेत रु.१,४९,८८,०००।- खर्च लेखी भुक्तानी गरेको विवरण प्राप्त भएको छ। जुन आन्तरिक आय रु.३,१२,८८,९००।- को ४७.९० प्रतिशत रहेको छ।

## १७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ।

## १८ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्यसूची तोकिएको छ। प्राप्त विवरण अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण निम्नानुसार रहेको छः

| **विवरण** | सिफारिस संख्या |
|---|---|
| जन्मदर्ता | **५४२** |
| मृत्युदर्ता | **२५५** |
| बसाईसराई दर्ता | ४५३ |
| विवाह दर्ता | ३२६ |
| सम्बन्धविच्छेद दर्ता | ८३ |

आंशिक रुपमा प्राप्त विवरण माथिको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवाप्रवाह विवरणलाई अभिलेखीकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

## १९ कानुन निर्माण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड सबनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म ३८ वटा ऐन, १३ वटा नियमावली, ५२ कार्यविधि, ४ निर्देशका, ६ नर्म्स र २ आचारसंहिता लगायत ११३ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। साथै पालिकाले ३ वटा कानूनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ।

## २० न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ७ गरी कुल ११ विवाद दर्ता भएकोमा ८ वटा मात्र फर्स्यौट भई ३ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

## २१ सहकारी नियमन

लेखापरीक्षणमा पेश भएको सहकारी सम्बन्धी विवरणको अभिलेख अनुसार पालिकाको सुपरीवेक्षण कार्यक्षेत्रभित्र पर्ने २७ सहकारी रहेकोमा २१ वटा सहकारीले नियमित विवरण बुझाउने गरेकोमा ६ वटा सहकारीले विवरण समेत नबुझाएको र लेखापरीक्षण समेत गराएको पाईएन। नियमित विवरण बुझाउने २१ सहकारीमा ६०७४ जना शेयर सदस्यको रु.६ करोड ९० लाख १९ हजार शेयर पुँजी रहेको, बचत रकम रु.२१ करोड ११ लाख ८८ हजार रहेको, १५०७ ऋणीहरूलाई रु.२३ करोड ४८ लाख ११ हजार ऋण लगानी गरेकोमा रु.२ करोड ५९ लाख ३१ हजार ऋण भाखा नाघेको पाईयो। पालिकाले यो वर्ष २१ मध्ये ९ सहकारीको अनुगमन गर्दा गत आर्थिक वर्षमा दिएको निर्देशन पालना नगरेको, ऋण प्रवाह गर्दा धितो रोक्का नराखेको, गणपूरक संख्या नपुगी साधारण सभा सम्पन्न गरेको, प्राथमिक पुँजी कोषको सीमाभन्दा बढी कर्जा प्रवाह गरेको, लेखापरीक्षण प्रतिवेदनमा ऐनले तोकेबमोजिम रकम जम्मा नगरेको, समयमा विवरण तथा प्रतिवेदन नबुझाएको, लेखा सुपरीवेक्षण समितिको काम कारवाही प्रभावकारी नभएको, संचालक समितिले लगेको ऋणको प्रयोजन र धितो मुल्याङ्कन वस्तुनिष्ठ नदेखिएको, सहकारी तथा गरिबी निवारण व्यवस्थापन प्रणाली (कोपोमिस) मा वार्षिक कर चुक्ता गर्ने प्रयोजनाको लागी एक पटक विवरण समष्टिगत गर्ने बाहेक अन्य कुनै काम नगरेको लगायतका कैफियत रहको पाईयो। साथै भानुमती साना किसान कृषि सहकारी संस्था लि. ले कर्जा, शेयर पुँजी तथा अन्य सम्पत्ति हिनामिना गरेको कारणले गर्दा समस्याग्रस्त सहकारी घोषणा गरी सम्बन्धित निकायमा लेखी थप कारबाहीको लागि लेखी पठाएको छ। अनुगमनमा देखिएका कैफियतहरू सुधार गर्न लगाई बचत कर्ताको बचत रकम जोखिम नहुने गरी अनुगमनलाई थप कडाई गर्न पालिकाको गम्भिर ध्यान जानुपर्दछ।

२२ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष**

सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्था हरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाभित्रका सहकारीहरूको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरूको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वियनमा ल्याउनुपर्दछ।

२३ **जिन्सी दाखिला**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **४,१२९,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

२४ **पन्ध्र शय्याको भिमाद आधारभुत अस्पताल निर्माण**

यस भिमाद नगरपालिकामा पन्ध्र शय्याको भिमाद आधारभुत अस्पताल निर्माण कार्यका लागि २०७८।३।२५ मा राजेन्द्र/विवश/ ज्यावडन्वा जे.भी., काठमान्डौसँग १८ महिना भित्र कार्य सम्पन्न गर्ने गरी रु.११,५२,०९,९६३। मा सम्झौता भएकोमा भेरियशन आदेश स्वीकृती पश्चात सम्झौता अंक रु.११,८६,६७,२२०। कायम भई सम्झौताको म्याद तेश्रो पटक थप भई कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८३।२।३० सम्म पुगेको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

(क) **पेश्की बाँकीः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३ (४) मा निर्माण व्यवसायीलाई पेश्की दिँदा पेश्की बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछर्यौट गर्नु पर्ने अवधिभन्दा कम्तीमा एक महिना भन्दा बढी अवधिको हुनुपर्ने, नियम ११३(५) मा खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ बिल वा अन्य बिल बीजकबाट पेश्की कट्टी गर्नुपर्ने र नियम १२०(१) मा म्याद थपका लागि निवेदन दिदा निर्धारित अवधिको पेश्की जमानत पेश गर्नुपर्ने व्यवस्था छ। उक्त निर्माण व्यवसायीसँग भएको खरिद सम्झौताको जि.सि.सी.५७.३ मा स्वीकृत सम्झौता अवधिको ८० प्रतिशत समयावधिभित्र दिईएको सम्पूर्ण पेश्की रकम फछर्यौट गरिसक्नु पर्ने उल्लेख छ। उक्त खरिद सम्झौताको अवधि २०७८।३।२५ देखि म्याद थप भएको समेत गरी २०८३।२।३० सम्म ५९ महिनाको ८० प्रतिशतले ४७.२ महिना अर्थात २०८२ जेठ मसान्तसम्म पेश्की फछर्यौट भई सक्नुपर्नेमा यस बर्षसम्म रु.१,४४,८९,३९५। पेश्की बाँकी रहेको छ। उक्त खरिद सम्झौताको म्याद २०८३।२।३० सम्म रहेकोमा निर्माण व्यवसायीले म्याद थपको निवेदन साथ निर्धारित अवधिको पेश्की जमानत पेश गर्नुपर्नेमा उक्त निर्माण व्यवसायीले पेश गरेको कृषि बिकास बैंक लिमिटेडको

पेश्की बैंक जमानतको मान्य अवधि २०८२।७।२४ सम्म मात्र रहेको छ। उक्त निर्माण व्यवसायीलाई निर्धारित अवधिको पेश्की बैंक जमानतको मान्य अवधि थप गर्न लगाई नियमानुसार पेश्की फछर्यौट हुनुपर्दछ।

*नोट– आर्थिक बर्ष २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनको दफा नम्बर ५५.८ मा पेश्की रु.१,४४,८९,३९५। लगती बेरुजु औल्याईएकाले यस बर्ष पेश्की सम्बन्धी व्यहोरालाई सैद्धान्तिक बेरुजु कायम गरिएको छ।)*

**(ख) न्यून प्रगतिः** गोश्वारा भौचर नम्बर ७, मिति ०८२।३।२५ बाट चौथो रनिङ बिलको रु.३७,९९,९०४। समेत गरी हालसम्म अद्यावधिक कार्य रु.२,९०,०९,०५४। भएकोले वित्तीय प्रगति २४.४५ प्रतिशत मात्र पुगेको छ। शुरु सम्झौता भएको मितिले ४८ महिना सम्ममा न्यून प्रगति भएको हुँदा समयमा कार्य नहुँदा निर्मित संरचनाको गुणस्तरमा समेत असर पुग्ने भएको देखिएकोले म्याद थप भएको समयमा कार्य सम्पन्न गर्नका लागि निर्माण व्यवसायीले पर्याप्त तदारुकता अपनाउनुपर्ने देखिन्छ।

२५ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने¸ नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ। पालिकाले एकै प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो भौ मिति | विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ६२ २०८१।८।१३ | १ नं वडा कार्यालय प्रतिक्षालय निर्माण | दर्शन निर्माण सेवा | ३२०७४५ |
| १७५ २०८१।१२।११ | कोटघर टिमुखोटे खा पा तथा सरसफाई योजना | सत्य सेवा निर्माण | २०६१६८ |
| २४१ २०८२।१।१९ | खानिढाँट देखि लायडाँडा अधुरो मोटर मार्ग | जय सावित्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा ली | १२२६६४ |
| ४४५ २०८२।३।२४ | माझकोट स्वास्थ्य चौकी पार्वती मावि | ए एन निर्माण सेवा | ७३०८०१ |
| ४४१ २०८२।३।२४ | बान्टयाङखोला कल्भर्ट मर्मत योजना | अप्पर मुस्ताङ्ग चराङ्ग कन्स्ट्रक्सन प्रा लि | ६२८१११ |
| ४३२ २०८२।३।२२ | कृषि मोटरमार्ग डिहिडाँडा निर्माण र कुण्डले बाँध निर्माण योजना | दामोदर कन्स्ट्रक्सन प्रा लि | ६५७४९० |
| २९६ २०८२।२।२८ | आपश्वारा सिद्धगुफा पर्यटन मोटरमार्ग | ए वि निर्माण सेवा | ९९६४५३ |
| ३२९ २०८२।३।६ | काउले खापा योजना वडा नं १ | खड्ग माइ निर्माण सेवा | ९५६०३१ |
| ३१९ २०८२।३।४ | झाङ्गझुङ्गे सिम्ले नाला निर्माण | वि ए सि टी कन्स्ट्रक्सन कम्पनी प्रा लि | ४९२१६९ |
| | | कुल जम्मा | ५११०५३२ |

२६ **उपभोक्ता समितिको कार्य तेस्रो पक्षबाट गराएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भई तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्र्याक्टरबाट गराउन नपाइने उल्लेख रहेको छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने गरेको व्यहोरा खर्चका बिल भर्पाइहरूबाट देखिन आएको, पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नभएकाले अनियमित भएको रु.

| गो भौ र मिति | विवरण | निर्माण व्यवसायि | कुल काम(नापि) | भुक्तानी रकम | निर्माण व्यवसायिको विल | कैफियत |
|---|---|---|---|---|---|---|
| ५ २०८१।४।१५ | रातमाटे कुणादी देखि इन्द्रचोक मोटरमार्ग स्तरउन्नती योजना उ स | सि सि कन्स्ट्रक्सन प्रा लि | ४२७८०४ | ३४१२५० | ३५३६५२ | मेसिन द्वारा बाटो खन्ने काम |
| ७ २०८१।४।१५ | उब्दी खैरी गैहा मोटरमार्ग निर्माण योजना उ स | गण्डकी कन्स्ट्रक्सन | ११४८५६ | ९१७५२ | १०१३५४ | मेसिन द्वारा बाटो खन्ने काम |
| १०४ २०८१।१०।१० | खुरडाँडा झ्याकुर्दी धरिडाँडा मोटरमार्ग स्तरउन्नती योजना उ स | वि आर कन्स्ट्रक्सन कम्पनी प्रा लि | २४६५४४ | १९५००० | २१७८२८ | पुरैकाम मेसिनबाट गरेको |
| ६५ २०८१।८।१८ | वडा ३ सडक सरसफाई योजना उ स | सि सि कन्स्ट्रक्सन प्रा लि | २६८०२२ | २१४५०० | २६८००० | मेसिन द्वारा बाटो खन्ने काम |
| ८४ २०८१।१२।१३ | बोहोसरा खहरिया मोटरमार्ग निर्माण योजना उ स | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ३५६२९४ | २८४७३९ | ३१६६७३ | पुरैकाम मेसिनबाट गरेको |
| ९५ २०८१।९।२१ | पिरुङ्ग पर्यटन मोटरमार्ग स्तरउन्नती योजना उस | जयरत्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ३६९९०२ | २९२५०० | २७९८४४ | मेसिन द्वारा बाटो खन्ने काम |
| ९२ २०८१।९।२८ | बरन्डाँडा मोटरमार्ग स्तरउन्नती योजना उ स | जयरत्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५५१६५९ | ४४१२६१ | ४१०३७५ | मेसिन द्वारा बाटो खन्ने काम |
| २०० २०८१।१२।१७ | सालचौतारा एकल डहर मोटरमार्ग स्तरोन्नती योजना उ स | जय सावित्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २३६१७० | १८८८७५ | २०८२२४ | पुरैकाम मेसिनबाट कडा चट्टान काट्ने समेत |
| १९९ २०८१।१२।१७ | भिम गोफा बैकल्पिक मोटरमार्ग नाला व्यवस्थापन योजना उ स | जय सावित्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २२७९१७ | १८६७३४ | १८३९३० | कडा चट्टान काट्ने कार्य समेत |
| २१४ २०८१।१२।२९ | देवि तमन्ति मोटरमार्ग उ स | जय सावित्री कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | १८०२०० | १४४१३३ | १५८५९६ | पुरैकाम मेसिनबाट |
| २४६ २०८२।१।२६ | भिमगोफा मोटरमार्ग नाला व्यवस्थापन योजना उ स | जयरत्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४५०९०६ | ३६०७५० | ४०२३४९ | पुरैकाम मेसिनबाट खन्नेकाम कडा चट्टान समेत |
| २५३ २०८२।१।२८ | बैंधे पानी खानेपानी मोटरमार्ग निर्माण उ स | बि ए सि टी कन्स्ट्रक्सन प्रा लि | ८८२४१ | ६९५७८ | १०८९१३ | पुरै काम मेसिनबाट खन्ने |
| २६९ २०८२।२।१८ | सुनाकोट वेलडाँडा अधुरो कृषि मोटरमार्ग निर्माण उ स | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | १२१९४७ | ९७५०० | १२३७१४ | पुरै काम मेसिनबाट खन्ने |
| ४४२ २०८२।३।२४ | बिरुवा आधामारा दोभान सडक खण्ड देखि रहआले मार्ग नयाट्राय्क निर्माण योजना | अकलादेवी कन्स्ट्रक्सन कन्सल्टेन्सी प्रा लि | १४७०२१ | ११४४९१ | १२९३७५ | पुरै काम मेसिनबाट खन्ने |
| ४३७ २०८२।३।२३ | तल्ला डिहि आधारमा कृषि मार्ग स्तरउन्नती योजना उ स | अकलादेवी कन्स्ट्रक्सन कन्सल्टेन्सी प्रा लि | ४७१२७९ | ३७२२७९ | ४३७५०७ | पुरै काम मेसिनबाट खन्ने |
| ३६२ २०८२।३।१७ | दिपक मावि कट्टुइ कैडली मोटरमार्ग निर्माण योजना उ स | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २३६३५४ | १९६८४८ | १९१९७० | पुरै काम मेसिनबाट हाड रक समेत खन्नेकाम |
| २९० २०८२।२।२६ | बाढीपहिरो प्रभावित मिसिन्दी खेत संरक्षण तथा सरसफाई योजना उस | रिजाल ब्रदर्स कन्स्ट्रक्सन एण्ड मेटल इन्डष्ट्रि प्रा लि | २६८८९६ | २००००० | २३८५९३ | पुरै खन्ने काम मात्र |
| | | जम्मा | | ३७९२१९० | | |

| | |
|---|---|
| अनियमित भएको | ३७,९२,१९० |

२७ **हेभी ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न

सकिने उल्लेख छ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

| गो भौ र मिति | विवरण | निर्माण व्यवसायि | कुल काम | निर्माण व्यवसायिको विल |
|---|---|---|---|---|
| ६ २०८१।४।१५ | सिद्धनाथ गरगरे चोक मोटरमार्ग स्तरउन्नती योजना उ स | गण्डकी कन्स्ट्रक्सन | २०३४३२ | १३८१६७ |
| ८७ २०८१।९।१९ | क्याङ्दी मोटरमार्ग स्तरउन्नती योजना उ स | सापकोटा निर्माण सेवा | १०९३४७ | ६४१७६ |
| ११५ २०८१।११।१ | काउले बारी अधुरो बाटो निर्माण उ स | सि सि कन्स्ट्रक्सन प्रा लि | ३६०८२५ | ३१७५४० |
| १९२ २०८१।१२।१४ | मैदीखोला ठुलो खण्ड खेत संरक्षण योजना उ स | वि आर कन्स्ट्रक्सन कम्पनी प्रा लि | १३७५५६ | ४३३९२ |
| २१५ २०८१।१२।२९ | सेतिदोभान देखि भावर सम्म मोटर मार्ग स्तरउन्नती योजना उ स | शिवशक्ति ढुङ्गा रोडा बालुवा क्रसर उद्योग प्रा लि | १०६९७३४ | ११०६१८ |
| २२१ २०८२।१।२ | माझकोट मोटरमार्ग नाला व्यवस्थापन | जयरत्न कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४७४९५२ | ३७४१०९ |
| ४५१ २०८२।३।२५ | शाखासडक सरसफाई योजना उ स | गण्डकी कन्स्ट्रक्सन | १०६०३२ | ९३३११ |
| ४०३ २०८२।३।२१ | इदगहा मार्ग स्तरउन्नती योजना उ स | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ४८२२२० | ३७८४० |

## २८ नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण

२८.१ ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा ७ मा उत्खनन वा संकलनको परिमाण नियन्त्रणका लागि सम्बन्धित पालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिन संकलन तथा उत्खनन आदेश दिनुपूर्व प्राविधिकबाट गरिएको नाप जाँच ताथ रेखांकनका आधारमा उत्खनन वा संकलनको क्षेत्र निर्धारण गरी लाईन लेभल समेत दिनुपर्ने, उत्खनन वा संकलन गर्ने स्वीकृति दिईएको क्षेत्रको सम्बन्धित पालिकाले नियमित अनुगमन गर्नुपर्ने, अनुगमनको क्रममा कुनै नदीमा वातावरणीय अध्ययन प्रतिवेदन र ठेक्का सम्झौतामा उल्लेख भए बमोजिमको उत्खननयोग्य परिमाण र क्षेत्रको उत्खनन भैसकेको पाईएमा अनुगमन समितिले थप संकलन वा उत्खनन कार्य .बन्द गर्ने निर्देशन दिन सक्ने , सो निर्देशन प्राप्त भएको अवस्थामा ठेक्का अवधि बाँकी रहे पनि उत्खनन वा संकलनकर्ताले उत्खनन वा संकलन गर्ने कार्य तुरुन्त बन्द गर्नुपर्ने, पालिकाले लगाएको ठेक्का अन्तर्गत आर्थिक बर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था सम्बन्धित पालिकाले मिलाउनु पर्ने र यस दफा बमोजिमका प्रावधानहरूलाई सम्बन्धित पालिकाले ठेक्का सम्झौता गर्दा अनिवार्य रुपमा समावेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले उक्त मापदण्डमा उल्लिखित प्रावधानहरूलाई प्रभावकारी तवरले कार्यान्वियन गरी उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमाणभन्दा बढी उत्खनन र संकलन हुन नदिने तर्फ सचेत रहनुपर्दछ।

२८.२ **उत्खनन परिमाण नियन्त्रणः** नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरण सम्बन्धी मापदण्ड,२०७७ मा परिमाण नियन्त्रणका लागि उत्खनन्, सङ्कलन वा ढुवानीकर्ताले उत्खनन्, सङ्कलन वा ढुवानी गरेको परिमाणको दैनिक अभिलेख अनुसूची ४क बमोजिमको र दैनिक पटके बिक्री वा ढुवानी अभिलेख तेरिज अनुसूची-४ख बमोजिमको ढाँचामा राख्नुपर्ने व्यवस्था छ। मापदण्डमा उल्लेखित अनुसूची फारामहरूको प्रयोग नगरेकाले सम्झौता बमोजिम तोकिएको परिमाण भन्दा बढी उत्खनन गरे नगरेको सम्बन्धमा यकिन गर्न सकिने स्थिति छैन। मापदण्डमा उल्लेख भए बमोजिम अनुसूचीहरू व्यवस्थित तवरले राखी सम्झौतामा उल्लेखित परिमाणभन्दा बढी उत्खनन हुन नदिने गरी वातावरण संरक्षण र दीगो बिकासलाई प्रवर्धन गर्नुपर्दछ।

२८.३ **एक मुष्ठ भुक्तानीमा छुटः** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम पालिकाको सभाको स्वीकृति बेगर नगर सभाबाट पारित करका दरमा छुट दिन मिल्दैन। पालिकाले आर्थिक ऐन,२०७८ कार्यान्वियन गर्न बनेको भिमाद नगरपालिका कर राजश्व छुट तथा मिन्हा सम्बन्धी मापदण्ड, २०७८ लाई आधार मानी नदीजन्य पदार्थको बिक्रीको आय ठेक्कामा सूचना तथा बोलपत्र सम्बन्धी कागजातमा ठेक्का बमोजिमको रकम एकमुष्ठ भुक्तानी गरेमा ५ प्रतिशत छुट दिने व्यवस्था गरी नगर सभाको स्वीकृति बेगर निम्न बमोजिम रु ४,६०,९५५। छुट दिएकाले पालिकाको आय नोक्सान भएको हुँदा उक्त रकम अनियमित देखिएको रु.

| क्र.सं. | उत्खनन क्षेत्र | फर्मको नाम | छुट रकम |
|---|---|---|---|
| १ | दब्ल्याङ घाट | बुद्धशिव कन्स्ट्रक्शन एन्ड सप्लायर्स, तनहुँ | ९३९३५। |
| २ | बाँदर कुना घाट | ध्रुबलक्ष्मी कन्स्ट्रक्शन कम्पनी, भिमाद,तनहुँ | १००८७४। |
| ३ | गेरुवा घाट | जयरत्न कन्स्ट्रक्शन एन्ड सप्लायर्स कम्पनी लिमिटेड, भिमाद, तनहुँ | १०११७७। |
| ४ | सिस्नेरी घाट | बुद्धशिव कन्स्ट्रक्शन एन्ड सप्लायर्स, तनहुँ | १६४९६९। |
| | | जम्मा | ४६०९५५। |

| अनियमित भएको | ४,६०,९५५ |
|---|---|

२९ **विजुली महसुल जरिवाना**

गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७९को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले पानी, बिजुली तथा टेलिफोन महसुल समयमा भुक्तानी तर्फ ध्यान दिनुपर्दछ।

३० **अन्य निकायको खर्च**

१८।२०८१।६।२२ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने र बिनियोजन ऐन वा अन्य ऐन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य सम्वन्धित लेखा उत्तरदायी अधिकृत र मातहतका जिम्मेवार व्यक्तिको हुने उल्लेख छ।कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम तोकिएको कार्यमा मात्र बजेट खर्च गर्नुपर्ने र अन्य निकायहरूको खर्च सोही निकायको लागि स्वीकृत बजेट तथा कार्यक्रम भित्र रहेर सम्वन्धित निकायहरूले खर्च गर्नुपर्ने प्रावधानहरू रहेका छन्।नगरपालिकाले नेपाल रेडक्रस सोसाईटीलाई रु.२,००,०००।- यस कार्यालयबाट भुक्तानी दिएकोले पालिकालाई बढी व्ययभार परेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

३१ **फिल्ड भत्ता**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८६ र ८८ मा स्थानिय निकायमा कार्यरत कर्मचारीको तलब तथा सेवा सुविधा प्रदेश तथा नेपाल सरकारले तोके बमोजिम हुने व्यवस्था छ। नगरपालिकाको प्राविधिक कर्मचारीहरूलाई नगरसभाबाट निर्णय गरी आन्तरिक स्रोत शीर्षकबाट फिल्ड भत्ता वापत रु.८,८१,१६६।- खर्च लेखेको छ। यस्तो खर्चमा नियन्त्रणण हुनुपर्दछ।

३२ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा नगरसभाबाट पारित संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) अनुसारको दरबन्दीमा ७७ जना करार नियुक्ति गरी वर्षभरीमा रु १६१३५४२२।- भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी मितव्ययी रुपमा करार कर्मचारी नियुक्त गर्नुपर्दछ

३३ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ १२ कर्मचारीको रु. ५५६४७९६।००।०० र पालिकाका ३० कर्मचारीको रु.१४०१०५६४।

०० समेत रु १९५७५३६०। खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३४ **कृषि पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ २१० जना कृषक र २१ समूहको लागि रु.४५ लाख ९९ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। पालिकाबाट प्रदान गरिएको अनुदान रकमको प्रयोग तोकिएको उद्देश्य तथा कार्यमा खर्च भए नभएको, दुरुपयोग भए नभएको, अनुदानपश्चात मूल्य वृद्धिमा पुगेको योगदान र प्रभावकारिताका सम्बन्धमा अनुगमन एवं मूल्याङ्कन हुनुपर्दछ।

| क.सं. | अनुदान/ कार्यक्रमको नाम | व्यक्ति संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | स्प्रेयर वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | २८ | ७२ |
| २ | मसला बाली खेति प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदानमा | कृषि फर्म- २ | ९० |
| ३ | अनुदानमा मौरि सहितको घार वितरण कार्यक्रम वडा नं ३ | २५ | १४५ |
| ४ | कृषकहरूलाई अनुदानमा टनेल खरिद तथा वितरण वडा नं १ | ८ | ४९ |
| ५ | अनुदानमा टनेल प्लाष्टिक वितरण कार्यक्रम वडा नं ७ | ३ | ३१ |
| ६ | कृषकहरूलाई अनुदानमा टनेल तथा नेट वितरण कार्यक्रम वडा नं ६ | ३ | ११९ |
| ७ | कृषकलाई अनुदानमा तरकारी टनेल (आइरन) निर्माण कार्यक्रम वडा नं ५ | ६ | २२७ |
| ८ | अकबरे खुर्सानी खेती विउ तथा प्राविधिक सहयोग कार्यक्रम | कृषक समुह- १ | ९७ |
| ९ | फलफुल खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदानमा | ३ | ४८ |
| १० | मागमा आधारित अनुदानमा फलफुलका विरुवा वितरण कार्यक्रम वडा नं ३ | | ३५ |
| १२ | तोरी खेती प्रवर्द्धन कार्यक्रम ५० प्रतिशत अनुदानमा | कृषि फर्म-४ | ५४ |
| | | कृषि सहकारी-२ | |
| | | कृषक समुह-४ | |
| १३ | बाझो जमिनमा कृषि उत्पादनका लागि प्रोत्साहन कार्यक्रम आ व २०७९.८० र २०८०.८१ को क्रमागत | ४ | १८२ |
| १४ | स्टार्ट अप भिमाद कृषि परियोजना कार्यक्रम गत आव २०८०.८१ को क्रमागत | कृषक समुह- ६ | ४२१ |
| १५ | व्यवसाय दर्ता भएका फर्म समुह र सहकारीहरूलाई आधुनिक मेशिनरी औजार वितरण कार्यक्रम ५० प्रतिशत अनुदानमा | ३१ | ७२० |
| १६ | सात HP हाते ट्याक्टर वितरण ५० प्रतिशत अनुदानमा वडा नं २ | ९ | १४२ |
| १७ | कृषकहरूलाई अनुदानमा हाते ट्याक्टर वितरण कार्यक्रम वडा नं ४ | १७ | ४८८ |
| १८ | अनुदानमा कृषकहरूलाई कृषि औजार/ सामाग्रि खरिद तथा वितरण कार्यक्रम वडा नं ९ | १८ | २७८ |
| १९ | उखु पेल्ने मेशिन खरिद तथा वितरण ७० प्रतिशत अनुदानमा | कृषक समुह- १ | २१७ |
| २० | सुन्तलाजात बाली विकास पकेट कार्यक्रम (नयाँ) | कृषक समुह-१ | ४६२ |
| २१ | खाद्यान्न बालीको उन्नत बीउ उपयोगमा अनुदान(धान/ गहुँ/ मकै) | गहुँ-२२ | ७२२ |
| | | मकै-३३ | |
| | जम्मा | २१० | ४५९९ |

३५ **शैक्षिक गुणस्तर**

पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्दछ। पालिका अन्तर्गतका विधालयहरूको २०८१ को एस.ई.ई परीक्षामा ४२८ जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ :

| सि.नं. | जिपिए | जम्मा सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | |
|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक |
| १ | ३.६१-४.०० | ४२८ | ११ | १३ |
| २ | ३.२१-३.६० | ४२८ | ३१ | ५२ |
| ३ | २.८-३.२ | ४२८ | ३३ | ९० |
| ४ | २.४-२.८ | ४२८ | १८ | ५९ |
| ५ | २.००-२.४ | ४२८ | १ | ४ |
| | **जम्मा** | **४२८** | **९४** | **२१८** |
| ६ | NG | ४२८ | १३ | १०३ |
| | कुल जम्मा | ४२८ | १०७ | ३२१ |

तालिका अनुसार सामुदायिक विद्यालयतर्फ ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी १३, ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी ५२, २.८०-३.२० जिपिए ल्याउने ९०, २.४-२.८ जिपिए ल्याउने ५९ र २.००-२.४ जिपिए ल्षाउने ४ जना रहेका छन्। यसरी सामुदायिक विद्यालयवाट १०३ जनाले ननग्रेड भएका देखिन्छ। यसरी पालिकाले सामुदायीक विद्यालयको शौक्षिक क्रियाकलापमा वृद्धि गरी उत्तीर्ण प्रतिशत सुधार तथा गुण्स्तर वृद्धि गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

३६ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि सिलबन्दी कोटेसन मार्फत गो.भौ.नं. ८३ मिति २०८१।१२।१३ एन्जल टच हाइजिनबाट १२९२० प्याकेट सेनिटरी प्याड खरिद गरी रु.३,८७,२४२।- भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण प्याडहरू विद्यालयमा हस्तान्तरण भएको विवरण पेस भएको छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तमा खरिद गरेको पाइयो। यसमा सुधार हनुपर्दछ।

३७ **दिवा खाजा थप**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा १ देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ। पालिकाले कक्षा १-५ मा अध्यनरत विद्यार्थीहरूको लागि राजस्व बाँडफाँट शीर्षक पालिकाको बजेटमा व्यवस्था गरी ४१ विद्यालयमा रु.१८,४२,६८०।– दिवा खाजा अनुदान निकासा गरेको छ। यसप्रकारको अनुदान सहयोग पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ।

३८ **शिक्षक तथा विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ४१ वटा विद्यालयमा २९३ जना शिक्षक दरबन्दी भएकोमा पदपूर्ति भएको र पदपूर्तिमध्ये २११ जना स्थायी र ८२ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

| क्र.सं | विद्यालय | शिक्षक दरबन्दी | पदपूर्ति | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| | | | स्थायी | अस्थायी/राहत | |
| १ | ४१ विद्यालय | २९३ | २११ | ८२ | ४३९६ |

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा २६ जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा तनहुँ जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा २६ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ।

## ३९ सट्टा शिक्षक

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको काम कर्तव्य अधिकारको व्यवस्था रहेको छ।जसअनुसार स्थानीय तहले आधारभुत तथा माध्यामिक तहसम्मको शैक्षिक व्यवस्थापन, शिक्षक दरवन्दी मिलान, परीक्षा व्यवस्थापन जस्ता कार्यहरू गर्नुपर्ने देखिन्छ। पालिकाले बुचाखानी माध्यमिक विद्यालयमा कार्यरत शिक्षक केशवराज वाग्लेलाई पालिकामा कामकाज गर्ने गरी सरुवा गरी निजको सट्टामा मासिक रू.३९,९९०।– तलब भत्ता सुविधा दिने गरी महादेव अधिकारीलाई करारमा नियुक्ति गरी रु.४,५२,५५६।- खर्च लेखेको छ। यसरी पालिकाको शिक्षा महाशाखामा कर्मचारी व्यवस्थापन भइसकेपश्चात पनि पालिकामा व्ययभार पर्नेगरी सामुदायिक शिक्षकको योग्यता, अनुभव, सेवा आयोगको छनौट प्रक्रिया फरक भएको अवस्थामा समेत शिक्षक नियुक्ति गरी तलव भत्ता भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५२,५५६ |

## ४० न्यून विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ४१ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु.१९,४२,८२,१७३।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार १५ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो।

| सि.नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | दरबन्दी | विद्यार्थी सङ्ख्या | पदपूर्ति | | यो वर्षको कूल निकासारकम रू |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | अस्थायी/ करार | |
| १ | बालशैक्षणिक मा. वि. | १-१० | ११ | २६८ | ८ | ३ | ८४६४९९० |
| २ | पार्वती मा. वि. | १-१० | ११ | १४० | ४ | ७ | ६९७५५०६ |
| ३ | धर्म मा. वि. | १-१० | १२ | ३२२ | ९ | ३ | ८८३३९९६ |
| ४ | जनज्योति मा. वि. | १-१२ | २१ | ७७८ | १७ | ४ | १३५९०२०६ |
| ५ | मंगलोदय मा. वि. | १-१२ | १३ | १९१ | ९ | ४ | ८९६६८४० |
| ६ | हिमालय मा. वि. | १-१२ | १५ | १२१ | ९ | ६ | ८४८८५४४ |
| ७ | बुचाखानी मा. वि. | १-१२ | १७ | १७९ | ९ | ८ | १११५९६६५ |
| ८ | बालनिकेतन आ. वि. | १-८ | ७ | ६४ | ५ | २ | ४३४१७२३ |
| ९ | बालकल्याण आ. वि. | १-८ | ७ | ७६ | ४ | ३ | ४४६३२४२ |
| १० | जनज्योति आ. वि. | १-८ | ८ | १७५ | ७ | १ | ५४३५०२९ |
| ११ | बालज्योति आ. वि. | १-८ | ९ | १०८ | ९ | ० | ५४०८५२९ |
| १२ | जयनेपाल आ. वि. | १-८ | ८ | ७९ | ६ | २ | ४९४६७७८ |
| १३ | कोषनर आ. वि. | १-५ | ५ | ७६ | ४ | १ | २५५५४५५ |
| १४ | सुरेन्द्रज्योति आ. वि. | १-५ | ४ | ४० | ३ | १ | २२९१९६९ |
| १५ | शिव आ. वि. | १-५ | ३ | ३५ | ३ | ० | २०८२०५९ |
| १६ | शारदा आ. वि. | १-५ | ४ | ५५ | २ | २ | २४६०३४३ |
| १७ | नर आ. वि. | १-५ | ४ | ४७ | ३ | १ | २३७७५७७ |
| १८ | जनप्रेमी आ. वि. | १-५ | ३ | २६ | ३ | ० | २०९५९०४ |
| १९ | दिपज्योति आ. वि. | १-५ | २ | १९ | २ | ० | १७६७४८१ |
| २० | बालविद्याश्रम आ. वि. | १-५ | २ | १४ | २ | ० | १५०८३८८ |
| २१ | सिद्धज्योति आ. वि. | १-३ | २ | २१ | २ | ० | १४९४५४३ |
| २२ | बुद्धज्योति आ. वि. | १-५ | ० | १२ | ० | ० | १३६१७९० |
| २३ | ज्ञानज्योति सा.आ. वि. | १-३ | २ | २५ | २ | ० | १९४६०४९ |
| २४ | प्रगतिशिल आ. वि. | १-५ | ३ | ३० | १ | २ | १८१६७९० |
| २५ | सिद्धज्योति आ. वि. मोहरिया | १-५ | १ | ८ | ० | १ | ६६९१२६ |
| २६ | दिपक मा. वि. | १-१० | १४ | १८३ | १२ | २ | ९६७२७९२ |
| २७ | सिद्धार्थ मा. वि. | ६-१२ | १३ | २४२ | १० | ३ | ८६२४८०० |
| २८ | शंकर मा.वि. | १-१२ | १४ | १५१ | १० | ४ | ८८६५३३० |
| २९ | अरुणोदय मा. वि. | १-१० | १२ | १३९ | ६ | ६ | ७३११०५४ |
| ३० | पृथ्वी मा. वि. | १-१० | १२ | १५३ | ८ | ४ | ७९६२४३० |
| ३१ | रघु मा. वि. | १-१० | १० | १०२ | ७ | ३ | ७२५४६८८ |
| ३२ | बालविकास मा. वि. | १-१० | ११ | १०४ | १० | १ | ८४७८७२९ |
| ३३ | बलभद्र आ.वि. | १-८ | ८ | ७३ | ७ | १ | ४४७१७८८ |
| ३४ | जनता आ. वि. | १-५ | २ | २२ | १ | १ | १५११७०७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३५ | मदरसा गौसिया आ. वि. | १-५ | ३ | ४१ | २ | १ | १६८५१२२ |
| ३६ | ज्ञानज्योति आ. वि. | १-५ | २ | १८ | १ | १ | १३७०६४२ |
| ३७ | सिद्धार्थ आ. वि. | १-५ | ६ | ११९ | ६ | ० | ३८१९३८७ |
| ३८ | किहुँ आ. वि. | १-५ | ४ | ४७ | ३ | १ | २४११२९५ |
| ३९ | सिद्ध आ. वि. | १-५ | २ | २१ | १ | १ | १२९२७५५ |
| ४० | कल्याण आ. वि. | १-५ | ४ | ४५ | २ | २ | २६६२८४० |
| ४१ | अकला आ. वि. | १-३ | २ | २७ | २ | ० | १३८४२९४ |
| | | जम्मा | २९३ | ४३९६ | २११ | ८२ | १९४२८२१७३ |

४१ **आन्तरिक स्रोत शिक्षक अनुदान**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलव्ध गराउने व्यवस्था छ। पालिकाले संघीय र प्रदेश सरकार राजस्व बाँडफाँट समेतको पालिका चालु खर्च शीर्षकबाट ८ विद्यालयका ८ कम्प्युटर शिक्षकका लागि रु.१७,७५,१००।– र १२ विद्यालयका १२ बालविकास सहजकर्ताका लागि रु.२१,६८,३६७।- आन्तरिक स्रोतबाट करारमा राखिएको शिक्षक तथा कर्मचारीहरूको तलव भत्ता वापत रु.३९,४३,४६७।- निकासा दिई खर्च लेखेको छ। पालिकाले यसप्रकारको अनुदान सहयोग विद्यार्थी चाप धेरै रहेका विद्यालयमा आन्तरिक स्रोतलाई समेत विचार गरी उपलव्ध गराउनु पर्नेमा आन्तरिक आम्दानी समेत न्यून रहेको अवस्थामा यसरी विद्यालयले व्यवस्था गरेको निजी शिक्षकहरूको तलब भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| सि.नं. | विद्यालयको नाम | सञ्चालित कक्षा | विद्यार्थी सङ्ख्या | संघीय अनुदान | आन्तरिक स्रोत अनुदान |
|---|---|---|---|---|---|
| १ | बालशैक्षणिक मा. वि. | १-१० | २६८ | ८१५५९९० | १७९००० |
| २ | पार्वती मा. वि. | १-१० | १४० | ६६१४५०६ | २३१००० |
| ३ | जनज्योति मा. वि. | १-१२ | ७७८ | १३१५३३३९ | २७३५०० |
| ५ | हिमालय मा. वि. | १-१२ | १२१ | ८०६२०४४ | १५८१०० |
| ६ | बुचाखानी मा. वि. | १-१२ | १७९ | १०४३७७७६ | १०४८६७ |
| ७ | जनज्योति आ. वि. | १-८ | १७५ | ५३६१०२९ | १७९००० |
| ८ | बालज्योति आ. वि. | १-८ | १०८ | ५११२५२९ | २३१००० |
| ९ | कोषनर आ. वि. | १-५ | ७६ | २३५०४५५ | १७९००० |
| १० | शिव आ. वि. | १-५ | ३५ | १८७७०५९ | १७९००० |
| ११ | जनप्रेमी आ. वि. | १-५ | २६ | १८९०९०४ | १७९००० |
| १२ | बालबिद्याश्रम आ. वि. | १-५ | १४ | १३०३३८८ | १७९००० |
| १३ | ज्ञानज्योति सा.आ. वि. | १-३ | २५ | १७४१०४९ | १७९००० |
| १४ | प्रगतिशिल आ. वि. | १-५ | ३० | १६११७९० | १७९००० |
| १५ | शंकर मा.वि. | १-१२ | १५१ | ८४७९४९८ | २३१००० |
| १६ | अरुणोदय मा. वि. | १-१० | १३९ | ६९४१९५४ | २३१००० |
| १७ | रघु मा. वि. | १-१० | १०२ | ६८९३६८८ | २३१००० |
| १८ | बालविकास मा. वि. | १-१० | १०४ | ८११७७२९ | २३१००० |
| १९ | किहुँ आ. वि. | १-५ | ४७ | २१७६२९५ | १७९००० |
| २० | सिद्ध आ. वि. | १-५ | २१ | १०८७७५५ | १७९००० |
| २१ | कल्याण आ. वि. | १-५ | ४५ | २३६६८४० | २३१००० |
| | | | **जम्मा** | **१०३७३५६१७** | **३९४३४६७** |

४२ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० को उपक्रियाकलाप नं. ९.५ मा नमुना विद्यालयको रूपमा छनोट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र केन्द्रबाट पहिलो चरणमा विज्ञान विषयका लागि छनोट भएका विद्यालयका लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु.३० लाख अनुदान दिने उल्लेख छ। पालिकाले भौ.नं. १९४।२०८२।३।२४ बाट जनज्योति माध्यमिक विद्यालयलाई शैक्षिक सामग्री निर्माण कार्यशाला, कार्यालय कक्षमा राउण्ड टेबल व्यवस्थान स्मार्टबोर्ड तथा सम्मार्ट टिभी, सिसी टिभी सामग्री खरिद लगायतका कार्यका लागि योजनाको आधारमा रु.२८,३१,६८८।– अनुदान उपलब्ध गराएकोमा यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

**(क) टुक्रा गरेर खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ उपदफा (१) मा खरिद गर्दा अपनाउनु पर्ने खरिदका बिधिहरू र उपदफा (२) मा खरिद गर्दा टुक्रा पारेर खरिद गर्न नहुने उल्लेख छ।त्यसैगरी नियमावली, २०६४ को नियम ८ मा खरिदको योजना बनाउनु पर्ने र उपनियम १ खण्ड (ख) मा खरिदको सम्भावित प्याकेज सम्बन्धमा उल्लेख छ। विद्यालयले ल्यापटप तथा डेस्कटप, मल्टी प्रिन्टर, स्मार्ट बोर्ड तथा स्मार्ट टिभी खरिदका लागि रु.१९,३५,०००।– को लागत अनुमान बनाई विद्युतीय सिलवन्दी दरभाउपत्रको

माध्यमबाट कस्मिक कम्प्युटिङ सोलुसनसँग रु.१९,२४,३९०।– मा सम्झौता गरी खरिद कार्य सम्पन्न गरेकोमा सोही प्रकृतिको कार्य सि.सि. क्यामेरा रु.९९,९५०।- खरिद कार्य गर्दा खरिदको एकमुष्ठ प्याकेज बनाइ लागत अनुमान तयार गरेर ठेक्का व्यवस्थापन मार्फत गराउनु पर्नेमा एउटै प्रकृतिका कार्यहरू समेत छुट्टाछुट्टै रुपमा सोझै खरिद गराएको देखियो। यसबाट खरिद कार्य व्यवस्थित, कानुन सम्मत, मितव्ययी र प्रतिस्पर्धी रुपमा भयो भन्न सकिने अवस्था रहेन।

**(ख) लागत अनुमानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरूमा सोही प्रकृतिको खरिद गर्दाको लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ लगायतलाई आधार मानी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। विद्यालयले ल्यापटप, डेस्कटप, स्मार्टबोर्ड, स्मार्ट टिभी र मल्टी प्रिन्टर खरिदका लागि रु.१९,३५,०००।- को लागत अनुमान तयार गर्दा विभिन्न फर्मसँग दररेट माग नगरेको र प्रचलित दरभाउको रिफेरेन्स पनि नलिई विद्यालयका आइटी इञ्जनियरले तयार गरेको लागत अनुमानको आधारमा कस्मिक कम्प्युटिङ सोलुसनसँग सिलबन्दी दरभाउपत्रको विधिबाट खरिद गरी रु.१९,२४,३९०।– भुक्तानी दिएको छ। नियममा व्यवस्था भएबमोजिम लागत अनुमान तयार गरी खरिद कार्यलाई प्रतिस्पर्धी, मितव्ययी र पारदर्शी बनाइनुपर्दछ।

## ४३ दिवा खाजा

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ४१ वटा सामुदायिक विद्यालयको खातामा रु.५३,२९,८६६।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

## ४४ औषधीको सदुपयोग

आर्थिक कार्यबिधी तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ को दफा ५५ मा सरकारी सम्पत्तिको संरक्षण तथा तोकिएको प्रयोजनमा प्रयोग गर्नुपर्ने सम्वन्धमा उल्लेख रहेको छ। नियमावली,२०७७ को नियम ९४ मा सरकारी सम्पत्तिको जिम्मा र संरक्षण सम्वन्धमा प्रावधानहरू रहेका छन्। कार्यालयमा गतवर्ष खर्च नभइ योवर्ष मौज्दात सरि आएका, योवर्ष आफैले खरिद गरेका र संघिय तथा प्रदेश सरकारका सम्वन्धित बिभिन्न निकायबाट बिभिन्न समयमा हस्तान्तरण भइ आएका समेतका औषधि, सर्जिकल समान तथा उपकरणहरूको पालिका केन्द्रमा रहेका र मातहतका स्वस्थ्य संस्थामा रहेका औषधि तथा सर्जिकल सामानहरू र उपकरणको कायम मान्य अवधि समेत देखिनेगरी कार्यालयले अभिलेख अद्यावधिक गरेको देखिन आएन। कार्यालयबाट प्राप्त विवरण अनुसार निम्नानुसार विभिन्न परिमाणका औषधिहरू आ.व. २०८१।८२ को अन्त्यमा म्याद समाप्त भई प्रयोगमा ल्याउन नसकिने अवस्थामा पुगेको देखियो। यसरी सर्वसाधरण जनताको सुबिधालाई लक्षित गरी सरकारी रकमबाट खरिद गरिएका औषधिहरू नोक्सानी हुन गएको सम्बन्धमा पालिकाको ध्यान जानुपर्दछ।

| सि नं | औषधीको नाम | प्राप्ति (खरिद/प्रदेश सरकार/संघिय सरका) | म्याद समाप्त मिति | परिमाण | मुल्य प्रति इकाई रु |
|---|---|---|---|---|---|
| 1 | Cotrimazole Vaginal Tablet | स्थानिय खरिद | March 2025 | 246 | 0.1 |
| 2 | Rifampicine 75 mg + Isoniazide 50mg | प्राप्ति संघिय सरका | July2025 | 168 | |
| 3 | Rifampicine 150 mg + Isoniazide 75mg+ Ethambutol | प्राप्ति संघिय सरका | Sep 2025 | 112 | |
| 4 | Amoxycilline 250mg DT | स्थानिय खरिद | March 2025 | 3800 | 3 |
| 5 | Metachlopamide | स्थानिय खरिद | Jun 2025 | 1600 | 0.1 |
| 6 | Hyoscin 10 mg | स्थानिय खरिद | April2025 | 2200 | 7 |
| 7 | Hyoscin 10 mg | स्थानिय खरिद | Feb 2025 | 1000 | 7 |
| 8 | Tinidazole 400 mg | स्थानिय खरिद | Nov 2024 | 60 | 0.1 |
| 9 | Zinc 10 mg | स्थानिय खरिद | January 2025 | 1200 | 0.1 |
| 10 | Vitamine Bcomplex | स्थानिय खरिद | Sep2024 | 250 | 1.6 |
| 11 | Nefidipine 10 mg | प्राप्ति प्रदेश सरकार | April 2025 | 30 | |
| 12 | Doxycilline 100 mg | स्थानिय खरिद | Feb 2024 | 170 | 2.2 |
| 13 | Silver sulfadiazine cream | स्थानिय खरिद | March2025 | 17 | 0.1 |
| 14 | Aspirine 75 mg | स्थानिय खरिद | March 2025 | 364 | 0.1 |
| 15 | Transemic Acid 500 mg | प्राप्ति प्रदेश सरकार | Nov 2024 | 10 | |
| 16 | Atenolol 50 mg | स्थानिय खरिद | April 2025 | 100 | 0.1 |
| 17 | Clotrimazole Mouth paint | स्थानिय खरिद | Feb 2025 | 5 | 0.1 |
| 18 | Cetrizine 5 mg syp | स्थानिय खरिद | April2025 | 4 | 0.1 |
| 19 | Primaquine 7.5 mg | प्राप्ति संघिय सरका | Dec2024 | 620 | |
| 20 | Ethambutol 100 mg | प्राप्ति संघिय सरका | January 2025 | 200 | |
| 21 | Hiv test kit | प्राप्ति संघिय सरका | March 2025 | 90 | |
| 22 | Ciprofloxacine 0.3 mg | स्थानिय खरिद | July 2025 | 43 | 0.1 |
| 23 | HCV Test kit | प्राप्ति संघिय सरका | May 2025 | 60 | |
| 24 | HBSAG | प्राप्ति संघिय सरका | Feb 2025 | 67 | |

४५ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा तथा संरक्षणतर्फको कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.१६,८६,०९,११२।- प्राप्त भएकोमा सोही रकम खर्च जनाई आर्थिक विवरण पेश भएको छ।यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

**(क) निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण

गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्चीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले इएफटीको मार्फत सम्बन्धित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो। पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन।कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरूले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र पालिकाले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**(ख) लगत कट्टाको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ। पालिकाले लेखापरीक्षणको क्रममा लाभग्राहीको लगत कट्टा गरेको विवरण पेश गरेतापनि कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्नेमा सो प्रकृया पुरा गरेको देखिएन। साथै धेरै लाभग्राहीको लगतकट्टा एकै मितिमा भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। लगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ।

**(ग) सार्वजनिक सुनुवाईः** पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझि लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था एकिन गरी पालिकाले समयमै छानविन गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

४६ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा नाला निर्माण, बाटो मर्मत लगायतका कुलो निर्माण, बाँध निर्माण, बाटो मर्मत, सडक स्तरोन्नति लगायतका ६ योजना सञ्चालन गरी यस वर्ष ३५ जनालाई औसत ४१ दिनले १४११ दिन रोजगारी उपलव्ध गराई रु.१०,००,६६४।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भिमाद नगरपालिका, तनहुँ , भिमाद नगरपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | मोहन प्रसाद मरासिनी | २०८०-६-११ | २०८१-६-४ |
| कार्यालय प्रमुख | श्री कमलप्रसाद पुन | २०८१-६-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | श्री अर्जुन प्रसाद पौडेल | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ० | ४,७०५,७०१ | ४,१२९,५०० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,८३५,२०१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ४,१२९,५०० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४,७०५,७०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४७७०८४१०.३६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४००४११८००.४ | चालु खर्च | ३७८२२८३९६.२ |
| प्रदेश सरकारबाट अनुदान | २२००७००० | पूँजीगत खर्च | १५३०२२१४४ |
| राजश्व बाँडफाँट | ११२६४५२४६.९ | वित्तीय/अन्य व्यवस्था | २३४११८२९२.१ |
| आन्तरिक आय | ४१९११९८२५.७४ | | |
| अन्य आय | १९५०५५४७६.१७ | | |
| कुल आय | ७७२०३९३४९.२१ | कुल खर्च | ७६५३६८८३२.३ |
| बाँकी मौज्दात | | ५४३७८९२७.२७ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | १२,२५,६८,८५९.५० | ०.०० | १२,२५,६८,८५९.५० | ११,७३,०८,४६७.६५ | ०.०० | ११,७३,०८,४६७.६५ |
| १३००० | अनुदान | | ३८,५७,५९,६७९.६० | ०.०० | ३८,५७,५९,६७९.६० | ३८,७७,८५,९१०.७४ | ०.०० | ३८,७७,८५,९१०.७४ |
| १४००० | अन्य राजस्व | | ३,१८,३१,५७८.१५ | ०.०० | ३,१८,३१,५७८.१५ | १,२४,५६,७००.२८ | ०.०० | १,२४,५६,७००.२८ |
| १५००० | विविध प्राप्ति | | १,६४,६३५.०० | ०.०० | १,६४,६३५.०० | ३,५२,३१७.०० | ०.०० | ३,५२,३१७.०० |
| क | कुल जम्मा प्राप्ति | | ५४,०३,२४,७५२.२५ | | ५४,०३,२४,७५२.२५ | ५१,७९,०३,३९५.६७ | | ५१,७९,०३,३९५.६७ |
| ३ | चालु | | ३७,८२,२८,३९६.१५ | ०.०० | ३७,८२,२८,३९६.१५ | ३६,२६,४०,८०२.७८ | ०.०० | ३६,२६,४०,८०२.७८ |
| २१००० | पारिश्रमिक / सुविधा | | २२,९४,०९,१०२.९८ | ०.०० | २२,९४,०९,१०२.९८ | २२,४५,०१,५९२.७८ | ०.०० | २२,४५,०१,५९२.७८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | १४,३८,९९,३७४.१७ | ०.०० | १४,३८,९९,३७४.१७ | १३,२१,३३,६९१.०० | ०.०० | १३,२१,३३,६९१.०० |
| २७००० | सामाजिक सुरक्षा | | ३४,०९,४१०.०० | ०.०० | ३४,०९,४१०.०० | ४५,६१,३६३.०० | ०.०० | ४५,६१,३६३.०० |
| २८००० | अन्य खर्च | | १५,१०,५०९.०० | ०.०० | १५,१०,५०९.०० | १४,४४,१५६.०० | ०.०० | १४,४४,१५६.०० |
| ४ | पूंजीगत | | १५,३०,२२,१४४.०० | ०.०० | १५,३०,२२,१४४.०० | १७,१२,४२,६९८.०० | ०.०० | १७,१२,४२,६९८.०० |
| ३१११० | भवन तथा संरचना | | १,४५,३०,०९१.०० | ०.०० | १,४५,३०,०९१.०० | २,९५,६८,२९१.०० | ०.०० | २,९५,६८,२९१.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ९७,२४,०४९.०० | ०.०० | ९७,२४,०४९.०० | १,०६,३९,९२१.०० | ०.०० | १,०६,३९,९२१.०० |
| ३११५० | सार्वजनिक निर्माण | | १२,८४,३५,९६०.०० | ०.०० | १२,८४,३५,९६०.०० | १३,०५,१९,७८९.०० | ०.०० | १३,०५,१९,७८९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ३,३२,०४४.०० | ०.०० | ३,३२,०४४.०० | ५,१४,६९७.०० | ०.०० | ५,१४,६९७.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५३,१२,५०,५४०.१५ | | ५३,१२,५०,५४०.१५ | ५३,३८,८३,५००.७८ | | ५३,३८,८३,५००.७८ |
| ग) | बचत / कमी (ग = क-ख ) | | ९०,७४,२१२.१० | | ९०,७४,२१२.१० | (१,५९,८०,१०५.११) | | (१,५९,८०,१०५.११) |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | (२४,०३,६९५.१९) | | (२४,०३,६९५.१९) | ५४,८९,२४३.६५ | | ५४,८९,२४३.६५ |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत / (कमी)) ( ङ = ग+घ) | | ६६,७०,५१६.९१ | | ६६,७०,५१६.९१ | (१,०४,९०,८६१.४६) | | (१,०४,९०,८६१.४६) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,७७,०८,४१०.३६ | | ४,७७,०८,४१०.३६ | ५,८१,९९,२७१.८२ | | ५,८१,९९,२७१.८२ |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,४३,७८,९२७.२७ | | ५,४३,७८,९२७.२७ | ४,७७,०८,४१०.३६ | | ४,७७,०८,४१०.३६ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।